महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कमलपोखरी, ललितपुर
३ प्रदेश, नेपाल

मित्रप्रसाद काफ्ले
उप-सचिव

# सूचना

## विषय: कक्षा ११ र १२ मा छात्रवृत्ति वितरण सम्बन्धमा ।

यस महालक्ष्मी नगरपालिका भित्रका (कक्षा ११ र १२) संचालनमा रहेका संस्थागत विद्यालयहरुले १० प्रतिशत छात्रवृत्ति प्रदान गर्नका लागि सम्बन्धित विद्यार्थीहरुबाट आवश्यक कागजात सहितको निवेदन आषाढ महिना भित्रमा लिई तपशिल बमोजिम गर्नु हुनका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै छात्रवृत्तिमा आवेदन दिने विद्यार्थीहरुले यसै साथ संलग्न आवेदनको ढाँचा बमोजिम आवश्यक कागजात सहितको निवेदन सम्बन्धित विद्यालयमा दिनु हुन समेत सूचित गरिन्छ ।

तपशिल:

१. यसै सुचनालाई आधार मानी छात्रवृत्तिका लागि आवेदन दिने विद्यार्थीहरुवाट कुन कोटाका लागि आवेदन दिने हो सोसँग सम्बन्धित कागजात सहित सम्बन्धित विद्यालयमा आवेदन दिने व्यवस्था मिलाउने ।

२. महालक्ष्मी नगरपालिका विद्यालय सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७४ को नियम ८५को उपनियम ३ बमोजिमको विद्यालयमा रहेको छात्रवृत्ति वितरण समितिबाट आवेदनहरु छानविन गरी छात्रवृत्ति वितरणको व्यवस्था गर्ने तथा कोटा भन्दा बढी आवेदन प्राप्त भएमा नगरपालिकाको समन्वयमा परीक्षाको मिति तोकि परीक्षा सञ्चालन गर्ने र तोकिएको कोटा बमोजिम नतिजा प्रकाशन गर्ने ।

३. छात्रवृत्ति प्रदान गर्दा परिवारको कुनै सदस्यको सरकारी वा गैरसरकारी क्षेत्रको नोकरी, व्यापार, व्यवसाय र आयआर्जनको व्यवस्था नभई अनिवार्य शिक्षाका लागि आवश्यक पर्ने सामाग्री उपलब्ध गराउन नसक्ने विद्यार्थीलाई विशेष प्राथमिकता दिनुपर्ने ।

४. नतिजा प्रकाशन गर्दा छात्रवृत्ति उपलब्ध गराइएका विद्यार्थीहरुको नाम, थर, कक्षा तथा निजको बाबु, आमाको नाम, थर, वतन सहित सार्वजनिक गर्ने ।

५. छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरुलाई भर्ना शुल्क, मासिक शिक्षण शुल्क र परीक्षा शुल्क नलिने व्यवस्था गर्ने ।

६. छात्रवृत्ति प्रदान गरेको प्रक्रिया तथा छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुको नाम नामेसी विवरण अनिवार्य रुपमा नगरपालिको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने ।

७. विद्यालयले प्रदान गर्ने कुल १० प्रतिशत छात्रवृत्तिलाई शत प्रतिशत मानी देहायको आधारमा कोटा आरक्षित गर्नु पर्नेछ ।

- जेहेन्दार ३७ प्रतिशत
- विपन्नता ३६ प्रतिशत
- जनजाति १० प्रतिशत
- दलित ५ प्रतिशत
- अपाङ्ग ३ प्रतिशत
- जनआन्दोलनमा घाइते ३ प्रतिशत
- सहिद परिवार, वेपत्ता परिवार र मधेश आन्दोलनका घाइते २/२ प्रतिशत

८. माथि उल्लेखित प्रत्येक आरक्षित समुहको ५० प्रतिशत कोटा छात्राहरुको लागि सुरक्षित गर्नु पर्नेछ । साथै कक्षा ११ र १२ मा छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्दा कम्तिमा पचास प्रतिशत कोटा सामुदायिक विद्यालयवाट आएका छात्रछात्राहरुका लागि छुटाउनुपर्नेछ ।

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कमलपोखरी, ललितपुर
३ प्रदेश, नेपाल

मित्रप्रसाद काफ्ले
उप-सचिव

# महालक्ष्मी नगरपालिका
## शिक्षा शाखा, ललितपुर ।
### छात्रवृत्तिका लागि आवेदन फारम, २०७५

१. विद्यार्थीको नाम थरः

२. विद्यार्थीको हाल बसोबास गर्दै आएको ठेगानाः क) प्रदेश नं. ख) जिल्लाः

ग) नगरपालिका घ) टोलः

३. अभिभावकको नाम थर

क. बाबुको नाम, थरः ख) पेशाः

ग) आमाको नाम, थरः घ) पेशाः

४. विद्यार्थी वा निजले अभिभावकको मोवाइल नम्बरः

५. यस अघि कुनै छात्रवृत्ति पाए नपाएकोः

६. आवेदन दिन चाहेको कक्षाः

७. अघिल्लो कक्षाको उत्तिर्ण प्रतिशत वा जिपिएः

८. एस.इ.इ को सिम्वोल नम्बर(कक्षा एघारको लागि मात्र):

९. कक्षा एघारमा अध्ययन गर्न चाहेको विषय समुह( कक्षा एघारको लागि मात्र):

१०. एकाघर सगोलमा रहेको परिवारको कुनै सदस्यको नोकरी भए वा नभएकोः

११. गरिवी परिवार परिचय पत्र भए वा नभएकोः

१२. भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने अधिकतम हदबन्दीको तराई तथा उपत्यका, पहाडी र हिमाली क्षेत्रमा क्रमशः पाँच, दश र पन्ध्र प्रतिशत भन्दा कम खेती योग्य जग्गा रहेको वा नरहेकोः

१३. आफुले कुन समुहबाट आवेदन दिन चाहेको हो( कुनै एक कोठामा रेजा चिन्ह लगाउनुहोस)

क) जेहेन्दार ख) विपन्नता

ग) महिला घ) अपाङ्गता

ङ) दलित च) जनजाति

छ) जनआन्दोलनको घाइते ज) वेपत्ता परिवार

मित्रप्रसाद काफ्ले
उप-सचिव

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ललितपुर
कमलपोखरी,
३ प्रदेश, नेपाल

झ) मधेश आन्दोलनको घाइतेको सन्तति

ञ) शहिद परिवार

माथी उल्लेखित व्यहोरा ठिक साँचो छन्, फरक परे कानून बमोजिम सहूँला, बुझाउला ।

आवेदक/ अभिभावकको दस्तखत:

मिति:

हाल अध्ययनरत विद्यालयको
नाम:

ठेगाना:

(आवेदन साथ पेश गर्नु पर्ने कागजातहरुको विवरण)

१. अघिल्लो कक्षा उत्तिर्ण गरेको मार्कसिटको प्रतिलिपी,
२. जनजाति, दलितको हकमा सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रतिलिपी,
३. बेपत्ता परिवार, शहिद, जनआन्दोलनका घाइते, मधेस आन्दोलनका घाइतेको हकमा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रको प्रतिलिपी,
४. विपन्नता वा गरिवीको हकमा सहकारी तथा गरिवी निवारण मन्त्रालयको गरिवी परिचय पत्रको प्रतिलिपी वा सो नभएको अवस्थामा स्थानीय तहले व्यहोरा खुलाई दिएको सिफारिसको सक्कलै पत्र ।